नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

पत्र संख्याः
चलानी नं.:

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
बबरमहल,काठमाडौं

मितिः२०८३/०५/२४

**स्वास्थ्य बीमा नवीकरण सम्बन्धी सूचना !**

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतको अनलाइन आवद्धता तथा नवीकरण (Online Enrollment and Renewal) सम्बन्धी सेवा थप व्यवस्थित, सरल, सहज, पारदर्शी तथा प्रविधिमैत्री बनाउने उद्‌देश्यले HIB e-Portal (eportal.hib.gov.np) सञ्चालनमा ल्याएको व्यहोरा सम्बन्धित सबैमा जानकारी नै छ। यसै सन्दर्भमा, स्वास्थ्य बीमा नवीकरण पूर्व परिवारका सबै सदस्यको KYC Update आवश्यक भएको हुँदा बिगतमा प्रयोग हुँदै आएका ConnectIPS, eSewa तथा Khalti लगायतका विद्‌युतीय माध्यमबाट स्वास्थ्य बीमा नवीकरण गर्ने व्यवस्था मिति २०८३/०५/२५ देखि लागू हुने गरी बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ। KYC अध्यावधिक भए पश्चात् पुनः यी माध्यमहरूबाट समेत सोझै नवीकरण गर्न सकिने व्यहोरा समेत अनुरोध छ।
अतः सम्पूर्ण बीमितले HIB e-Portal (eportal.hib.gov.np) मार्फत आफ्नो पुरानो बीमा विवरण sync गरेर अनिबार्य KYC अध्यावधिक गरी सोही e-Portal बाट स्वास्थ्य बीमा नवीकरण गर्नुहुन अनुरोध छ।

डा. पवन कुमार साह
वरिष्ठ मेडिकल सुपरिटेण्डेण्ट
(प्रवक्ता)